# अर्थ बुलेटिन

वर्ष ५ अंक १ साउन, २०८०

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



## सम्पादकीय

- आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा संघीय सरकारको कुल खर्च उल्लेख्य वृद्धि भएको छ। राजस्व परिचालनमा भने केही कमी आएको छ।
- कुल वस्तु निर्यात र पैठारी दुवैमा केही संकुचन आएको छ। पैठारीमा कमी आउँदा व्यापार घाटामा केही सुधार भएको छ। कुल व्यापारमा निर्यातको अंश वृद्धि हुन सकेको छैन।
- व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या बढेसँगै करको दायरा विस्तार भएको छ। कम्पनी दर्ता संख्यामा भने कमी आएको छ।
- वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फिति बढेको छ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या गत वर्षको सोही अवधिको तुलनामा कम भएको छ भने विप्रेषण आप्रवाहमा सुधार आएको छ। पर्यटन आगमनमा उल्लेख्य वृद्धि भएको छ। चालु खाता र शोधनान्तर स्थिति दुवै बचतमा छन्। फलस्वरुप विदेशी मुद्रा सञ्चिति समेत बढेको छ। कुल वस्तु पैठारी समेत घटेको कारण सञ्चिति पर्याप्तता सूचकांङ्कमा सुधार आएको छ।
- समग्रमा अर्थतन्त्रको वाह्य क्षेत्र सन्तुलन कायम रहेको छ भने स्रोत परिचालनमा दवाव रहेको छ।


**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं


## मुलुकको वर्तमान आर्थिक परिदृष्य

### संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको कुल खर्च रु. २२ अर्ब २६ करोडको तुलनामा ५७.४ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ४ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च ३४.५ प्रतिशत, पूँजीगत खर्च २.३ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्चको अंश ६३.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको साउन महिनामा यस्तो खर्च क्रमशः २५.४ प्रतिशत, ६.७ प्रतिशत र ६७.९ प्रतिशत रहेको थियो।

**तालिका (क): पछिल्लो ५ वर्षको साउन महिनाको खर्चको स्थिति (रु. करोडमा)**


| विवरण | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| चालु | ३५६.६४ | १७२.८३ | ९५५.७५ | ५६५.७२ | १२१३.५८ |
| पूँजीगत | ५९.६२ | १३.३३ | ९३.५० | १४८.४६ | ८२.३१ |
| वित्तीय व्यवस्था | १०.९१ | ११.७५ | ०.०० | १५११.६९ | २२०७.८१ |
| **कुल** | **४२८.००** | **१९७.९१** | **१०४९.२५** | **२२२५.८७** | **३५०३.७०** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

### राजस्व परिचालन

२. आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा राजस्व संकलन रु. ७८ अर्ब ८७ करोड संकलन भएको छ गत आर्थिक वर्षको पहिलो महिनामा यस्तो सङ्कलन रु. ७९ अर्ब ७२ करोड रहेको थियो। कुल राजस्वमा कर राजस्वको अंश ८९.० प्रतिशत र गैरकरको अंश ११.० प्रतिशत रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रु. ८८ अर्ब १४ करोड भएको छ।

**चार्ट (क): पछिल्लो ५ आर्थिक वर्षको पहिलो महिनाको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**





स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।


३. आर्थिक वर्ष २०८०/८१ को साउन महिना सम्ममा लक्ष्यको ७९.२ प्रतिशत मात्र राजस्व सङ्कलन भएको छ। गत आर्थिक वर्षको पहिलो महिनामा लक्ष्यको ८५.३ प्रतिशत सङ्कलन भएको थियो।

४. कुल राजस्व संकलनमा मूल्य अभिवृद्धि करको हिस्सा उच्च रहेको छ। गत आर्थिक वर्षको पहिलो महिनामा मुल्य अभिवृद्धि करको हिस्सा ३१.३ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा ३०.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० को पहिलो महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो महिनामा भन्सार महशुल, आयकर, र शिक्षा सेवा शुल्कको हिस्सा वृद्धि भएको छ भने अन्य करको हिस्सा घटेको छ।

**चार्ट (ख): पछिल्लो २ आर्थिक वर्षको साउन महिनाको सङ्कलित राजस्वको संरचना**




२०७९/८०




२०८०/८१

स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय, २०८०।

५. आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा वस्तु पैठारीमा भएको संकुचनका कारण राजस्व संकलनमा घटेको थियो। चालु आर्थिक वर्षको साउन महिनामा समेत राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा केही कमी आएको छ। अन्य कर राजस्व सङ्कलनमा वृद्धिभए तापनि पैठारी तर्फको मूल्य अभिवृद्धि कर र आन्तरिक तथा पैठारी तर्फको अन्तशुल्क सङ्कलनमा कमी आएको कारण राजस्व सङ्कलन केही घट्न गएको छ।

**तालिका (ख): पछिल्लो दुई आर्थिक वर्षको साउनसम्मको राजस्व असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | २०७९/८० साउन महिनाको सङ्कलन | आ.व.२०८०/८१ को वार्षिक लक्ष्य | साउनसम्मको लक्ष्य | साउन सम्मको संकलन | लक्ष्यको तुलनामा असूली | वार्षिक लक्ष्यको तुलनामा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|---|
| **भन्सार महशुल** | १,३८६.८० | ३०७४३.७७ | २३०२.३३ | १४६५.१९ | ६३.६ | ४.८ | ५.७ |
| **मूल्य अभिवृद्धि कर** | २,४९१.३७ | ४२५८९.१४ | २५८२.४९ | २३८६.७० | ९२.४ | ५.६ | (४.२) |
| उत्पादन, बिक्री, सेवा | १,११५.६४ | १५७२१.६२ | ११३६.६९ | ११४८.९२ | १०१.१ | ७.३ | ३.० |
| पैठारी | १,३७५.७३ | २६८६७.५२ | १४४५.८० | १२३७.७८ | ८५.६ | ४.६ | (१०.०) |
| **अन्त:शुल्क** | १,१८४.६९ | २०७२२.१४ | १३४७.९३ | ११०३.१० | ८१.८ | ५.३ | (६.९) |
| आन्तरिक उत्पादन | ८९०.४३ | १५५५८.५५ | ११२४.९० | ८३८.४९ | ७४.५ | ५.४ | (५.८) |
| पैठारी | २९४.२६ | ५१६३.५९ | २२३.०३ | २६४.६२ | ११८.६ | ५.१ | (१०.१) |
| **शिक्षा सेवा शुल्क** | १५.३३ | २८१.०२ | २०.३२ | २८.९६ | १४२.५ | १०.३ | ८८.९ |
| **आयकर** | १,९८५.६६ | ३६२११.८९ | २६१८.१६ | २०३३.५७ | ७७.७ | ५.६ | २.४ |
| आयकर | १,३५९.५८ | ३०२३१.६२ | २१८५.७८ | १३६१.१६ | ६२.३ | ४.५ | ०.१ |
| ब्याज कर | ६२६.०९ | ५९८०.२७ | ४३२.३८ | ६७२.४१ | १५५.५ | ११.२ | ७.४ |
| **कर राजस्व जम्मा** | ७,०६३.८६ | १३०५४७.९६ | ८८७१.२४ | ७०१७.५२ | ७९.१ | ५.४ | (०.७) |
| **गैर कर जम्मा** | ९०८.३९ | ११७०६.२१ | १०८६.०१ | ८६९.८९ | ८०.१ | ७.४ | (४.२) |
| कूल राजस्व | ७,९७२.२५ | १४२२५४.१७ | ९९५७.२५ | ७८८७.४१ | ७९.२ | ५.५ | (१.१) |
| अन्य प्राप्ति | १,०४८.४८ | ० | ० | ९२६.४८ | - | - | (११.६) |
| जम्मा राजस्व/प्राप्ति | ९,०२०.७४ | १४२२५४.१७ | ९९५७.२५ | ८८१३.८९ | ८८.५ | ६.२ | (२.३) |

स्रोत: अर्थ मन्त्रालय, २०८०।

#भन्सार महशुल अन्तर्गत पैठारी, निकासी, पूर्वाधार कर, भन्सारको अन्य आय, कृषि सुधार शुल्क, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार दस्तुर समावेश गरिएको।

६. चालु आर्थिक वर्षको साउन महिनामा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर, पैठारी तर्फको अन्त:शुल्क, शिक्षासेवा शुल्क र ब्याजकर सङ्कलन लक्ष्यभन्दा बढी भएको छ।

## संघीय राजस्व

७. चालु आर्थिक वर्षको पहिलो महिनामा संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) गत आर्थिक वर्षको सोही अवधिको रू. ६९ अर्ब ५८ करोडको तुलनामा ०.५ प्रतिशतले कमी आई रू. ६९ अर्ब २० करोड रहेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व भने ४.६ प्रतिशतले संकुचन भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा संघीय राजस्व १६.७ प्रतिशतले सङ्कुचन भएको थियो भने प्रदेश तथा स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व ४.२ प्रतिशतले वृद्धि भएको थियो।

## करको दायरा विस्तार मबतब लयत बखबर्षबिदभि ायचक क्ष्ल्क

८. २०८० साउनसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल संख्या ५६ लाख ३१ हजार २ सय १९ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ३७ लाख नाघेको छ। त्यस्तै, व्यावसायिक स्थायी लेखा नम्बर लिने १८ लाख ९० हजार २ सय ८४ र करकट्टि गर्ने निकायले लिएको स्थायी लेखा नम्बर २८ हजार ९ सय ८८ पुगेको छ। कुल स्थायी लेखा नम्बरमा व्यावसायिक लेखा नम्बर, करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर र व्यक्तिगत स्थायी लेखा नम्बरको अनुपात क्रमशः ३३.६ प्रतिशत, ०.५ प्रतिशत र ६५.९ प्रतिशत रहेको छ। यस अवधिसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाता ३ लाख १२ हजार २४ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १८ हजार ५ सय २४ पुगेको छ।

**तालिका (ग): व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०८० असारसम्म | २०७८ साउन | २०७९ साउन | २०८० साउन | २०८० साउनसम्म |
|---|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १८७६३०५ | २८,९१७ | १७२६० | १३९७९ | १८९०२८४ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | २८१०७ | ४७० | ६५९ | ८८१ | २८९८८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | ३६४९६१४ | ४६,४६४ | ४९९८५ | ६२३३३ | ३७११९४७ |
| **जम्मा स्थायी लेखा नम्बर** | ५,५५४,०२६ | **७५,८५१** | **६७,९०४** | ७७,१९३ | ५,६३१,२१९ |
| **मू.अ.कर** | ३०८४७७ | **४,०७५** | **३०५१** | ३५४७ | ३१२०२४ |
| **अन्तः शुल्क** | ११६६७५ | **३,८३८** | **१९०७** | **१८४९** | ११८५२४ |

स्रोतः आन्तरिक राजस्व विभाग ।

#स्थायी लेखा नम्बरको दर्ता खारेजीबाट कायम भएको सङ्ख्या मात्र समावेश गरिएको।


## वैदेशिक सहयोग तथा सार्वजनिक ऋण

९. आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा वैदेशिक सहायता प्रतिवद्धता रु. १० अर्ब ६३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक सहायता प्रतिवद्धता रु. १ अर्ब ३४ करोड रहेको थियो।

१०. वैदेशिक सहायता प्रतिवद्धता मध्ये क्षेत्रगत रुपमा शिक्षा क्षेत्रमा ६९.४ प्रतिशत र वातावरण क्षेत्रमा ३०.६ प्रतिशत प्राप्त भएको छ।

११. २०८० साउन मसान्तसम्म सरकारको कुल सार्वजनिक ऋण २०८० असार मसान्तको तुलनामा ०.३५ प्रतिशतले घटेर रु.२२ खर्ब ८९ अर्ब ५३ करोड रहेको छ। २०८० असार मसान्तमा यस्तो ऋण रु.२२ खर्ब ९९ अर्ब ३५ करोड रहेको थियो। २०८० साउन मसान्तसम्मको सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण र बाह्य ऋणको अनुपात क्रमशः ४८.९ प्रतिशत र ५१.१ प्रतिशत रहेको छ।

**चार्ट (ग): २०८० साउन मसान्तसम्म तिर्न बाँकी ऋणको अवस्था ( रु. करोडमा )**




स्रोतःसार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८०।

१२. चालु आर्थिक वर्षको साउन महिनामा संघीय सरकारले आन्तरिक ऋणतर्फ रु. २२ अर्ब ८ करोड र र बाह्य ऋणतर्फ रु. १ अर्ब २४ करोड गरी कुल २३ अर्ब ३२ करोड सावाँ भुक्तानी गरेको छ। यस अवधिमा आन्तरिक ऋण तर्फ रु. ३ अर्ब ७७ करोड र बाह्य ऋणतर्फ रु. ६७ करोड ब्याज भुक्तानी गरेको छ।

१३. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा आन्तरिक ऋण रु. १३ अर्ब ६ करोड र वाह्य ऋण रु. २ अर्ब १२ करोड गरी कुल रु. १५ अर्ब १८ करोड बराबरको सार्वजनिक ऋण परिचालन भएको छ। गत आर्थिक वर्षमा रु. २ अर्ब ५२ करोड आन्तरिक ऋण परिचालन भएको थियो।

## वित्तीय क्षेत्र

१४. बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप घटेको छ।२०८० असार मसान्तमा बैंक तथा वित्तीय क्षेत्रमा रु. ५७ खर्ब १० अर्ब २ करोड निक्षेप रहेकोमा आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा यस्तो निक्षेप २.३ प्रतिशतले कमी भई रु. ५५ खर्ब ७६ अर्ब ७८ करोड रहेको छ। यद्यपि, वार्षिक बिन्दुगत आधारमा २०८० साउन मसान्तमा बैंक तथा वित्तीय क्षेत्रमा रहेको निक्षेप ११.९ प्रतिशतले बढेको छ।

१५. बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित हुने कर्जा केही घटेको छ। २०८० असार मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा रु. ४७ खर्ब ९७ अर्ब ३ करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा ०.१ प्रतिशतले कमी भई रु. ४७ खर्ब ९२ अर्ब ६८ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अबधिमा यस्तो कर्जा ०.०५ प्रतिशतले घटेको थियो। तर वार्षिक बिन्दुगत आधारमा २०८० साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ३.८ प्रतिशतले बढेको छ।

१६. २०८० साउन मसान्तमा २० वाणिज्य बैङ्क, १७ विकास बैङ्क, १७ वित्त कम्पनी, ५७ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैङ्क गरी कुल ११२ बैङ्क तथा बित्तीय संस्था सञ्चालनमा रहेका छन्। बैङ्क तथा बित्तीय संस्थाको शाखा संख्या २०८० साउन मसान्तमा ११ हजार ५ सय ७४ रहेको छ।

## बीमा क्षेत्र

१७. बीमाको दायरामा आएको जनसंख्या बढ्दै गएको छ। चालु आर्थिक वर्षको साउन महिनासम्म जारी भएको म्यादी लघु म्यादि र वैदेशिक रोजगार बीमालेख सहित बीमाको दायरामा आएको जनसङ्ख्या ४४.० प्रतिशत पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या ४१.२ प्रतिशत रहेको थियो।

१८. चालु आर्थिक वर्षको साउनसम्म जारी भएको कुल जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.३६ प्रतिशतले वृद्धि भई १ करोड ४० लाख २१ हजार ५ सय ४० पुगेको छ भने कुल निर्जीवन बीमालेख सङ्ख्यामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ३.५३ प्रतिशतले कमी भई २ लाख १३ हजार ८ सय २८ रहेको छ।


१९. आर्थिक वर्ष २०८०/८१ को साउन महिनासम्ममा सङ्कलन भएको बीमा प्रिमियम सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.७ प्रतिशतले वृद्दि भई रू. २३ अर्ब ५९ करोड कायम पुगेको छ। गत आर्थिक वर्षमा सोही अबधि सम्ममा यस्तो सङ्कलन रू. १९ अर्ब ५४ करोड रहेको थियो।

२०. यस अवधिको संङ्कलित कुल बीमा प्रिमियम मध्ये जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८३.१ प्रतिशत र १६.९ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको साउन महिनासम्म उक्त हिस्सा क्रमशः ७७.१ प्रतिशत र २२.९ प्रतिशत रहेको थियो।

## पूँजी बजार

२१. नेप्से सुचकाङ्कमा उतारचढाव काममै रहेको छ। २०७९ साउन मसान्तमा २०४१.०६ विन्दुमा रहेको नेप्से सूचकांङ्क २०८० साउन मसान्तमा २०३३.१ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पूँजीकरण ४.४ प्रतिशतले वृद्वि भई रु. ३० खर्ब ४३ अर्ब १ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रु. २९ खर्ब १४ अर्ब ६८ करोड रहेको थियो।


**चार्ट (घ): पछिल्लो १ वर्षको मासिक नेप्से सूचकाङ्क**




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड। नोट: कारोबार भएको अन्तिम दिनको तथ्याङ्कमा आधारित।

२२. २०८० साउन महिनाको १ गते २१४४.१७ विन्दुमा रहेको नेप्से सूचकाङ्क साउन ७ गते महिनाकै उच्च विन्दुमा २२२७.१७ विन्दुमा पुगी महिनाको अन्तिम कारोवार भएको दिन साउन ३२ गते २०३३.१४ विन्दु कायम भएको छ। यस महिनामा पूँजी बजारमा कारोवारको प्रवृत्ति उतारचढावपूर्ण रह्यो।

चार्ट (ङ): २०८० साउन महिनाको नेप्से सूचकाङ्क





स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२३. २०८० साउन महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५२ प्रतिशत रहेको छ। २०७९ साउनमा यस्तो मुद्रास्फीति ८.२६ प्रतिशत रहेको थियो।

चार्ट(च): वार्षिक बिन्दुगत उपभोक्ता मुद्रस्फीति (प्रतिशतमा)





स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

२४. २०८० साउनमा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ८.९५ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.४२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा उक्त समूहको मुद्रास्फीति क्रमशः ७.११ प्रतिशत र ९.१८ प्रतिशत रहेको थियो ।

## मुद्राप्रदाय

२५. वार्षिक बिन्दुगत आधारमा २०८० साउन मसान्तमा विस्तृत मुद्राप्रदाय १०.८ प्रतिशतले बढेको छ गत आर्थिक वर्षमा यस्तो मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा विस्तृत मुद्राप्रदाय २.४ प्रतिशतले घटेको छ।

चार्ट ९छ०ं मुद्राप्रदायको वृद्धिदर ९साउन, वार्षिक विन्दुगत, प्रतिशतमा०




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

## बाह्य क्षेत्र

### वस्तु निकासी

२६. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा समग्र वस्तु निकासी र पैठारीमा कमी आएसंगै व्यापार घाटामा केही सुधार भएको छ। नेपालको कुल व्यापारमा पैठारीको हिस्सा उच्च रहदै आएको छ। निकासीको अंश अपेक्षित रुपमा वृद्धि हुन सकेको छैन।

२७. विगत पाँच आर्थिक वर्षमध्येमा आर्थिक वर्ष २०७८/७९ को साउन महिनामा कुल व्यापारमा निकासीको हिस्सा १२.१ प्रतिशत रहेकोमा त्यसपछिका वर्षमा क्रमशः कम हुँदै गएको छ।

**चार्ट (घ): पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको कुल वस्तु व्यापारको स्थिति**

| विवरण | २०७६/७७ साउन | २०७७/७८ साउन | २०७८/७९ साउन | २०७९/८० साउन | २०८०/८१ साउन |
|---|---|---|---|---|---|
| वस्तु पैठारी (रु. करोडमा) | १०६७३ | ८५८१ | १५०७३ | १३१२९ | १२९२४ |
| वस्तु निकासी (रु. करोडमा | ८८४ | ९६२ | २०७७ | १४८१ | १३५३ |
| व्यापार घाटा (रु. करोडमा | ९७८९ | ७६१९ | १२९९७ | ११६४८ | ११५७१ |
| निकासी पैठारी अनुपात (%) | ८.३ | ११.२ | १३.८ | ११.३ | १०.५ |
| कुल व्यापारमा निकासीको अंश | ७.६ | १०.१ | १२.१ | १०.१ | ९.५ |
| कुल व्यापारमा पैठारीको अंश | ९२.४ | ८९.९ | ८७.९ | ८९.९ | ९०.५ |

स्रोतः भन्सार विभाग, २०८०।

२८. वस्तु निकासीमा कमी आएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ८.७ प्रतिशतले घटेर भई रु. १३ अर्ब ५३ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी रु. १४ अर्ब ८१ करोड रहेको थियो। यस अवधिमा अलैंची, जिंक शिट,पार्टिकल बोर्ड,जुस,अदुवा लगायतका वस्तुको निकासीमा वृद्धि भएको छ भने पाम तेल, सोयाबिन तेल आयुर्वेदिक औषधी,पश्मिना,सुन तथा चाँदीका सामाग्रि तथा गरगहना लगायतका वस्तुको निकासी घटेको छ।

२९. भारततर्फ हुने निकासीको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा भएको कुल वस्तु निकासीमध्ये भारत,चीन र अन्य देशहरूतर्फ भएको निकासीको अंश क्रमशः ७२.७ प्रतिशत, १.८ प्रतिशत र १७.९ प्रतिशत रहेको छ। गत वर्ष यस्तो निकासी क्रमशः ७२.४ प्रतिशत, ०.४ प्रतिशत र २७.२ प्रतिशत रहेको थियो।

३०. यस अवधिमा भारततर्फ भएको निकासी २०.८ प्रतिशतले घटेको छ भने चीन र अन्य मुलुकतर्फको निकासी क्रमशः ५२७.२ प्रतिशत र १५.४ प्रतिशतले वृद्धि भएको छ।

**तालिका (ङ) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा निकासी भएका प्रमुख १० वस्तुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**

| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| सेन्थेटिक यार्न | ८६.७७ | १०६.८४ | २३.१३ |
| अलैंची | २२.८६ | ९६.४६ | ३२१.९६ |
| फलामे पाता | ३६.२६ | ९६.१९ | १६५.२८ |
| उनी गलैंचा कार्पेट | ९२.२२ | ९५.६६ | ३.७३ |
| तयारी कपडा | ८०.५३ | ९२.३८ | १४.७२ |
| जमोठ कपडा | ६४.३६ | ५७.९ | -१०.०४ |
| प्लाइउड | १६.०८ | ५७.६२ | २५८.३३ |
| फलफुलको जुस | ३१.८५ | ५१.५ | ६१.७० |
| जुटका बुनिएका कपडा | ४६.६९ | ४४.०५ | -५.६५ |

| | | | |
|---|---|---|---|
| प्रशोधित पाम तेल | ३७४.२७ | ४३.२ | -८८.४६ |
| अन्य | ६२९.०४ | ६१०.९९ | -२.८७ |
| **जम्मा** | **१४८०.९३** | **१३५२.७९** | **-८.६५** |

स्रोतः भन्सार विभाग,२०८०।

## वस्तु पैठारी

३१. वस्तु पैठारीमा केहि कमी आएको छ। चालु आर्थिक वर्षको साउन महिनामा कुल वस्तु पैठारी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १.६ प्रतिशतले कमी भई रु. १ खर्ब २९ अर्ब २४ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रु. १ खर्ब ३१ अर्ब २९ करोड रहेको थियो।

३२. चालु आर्थिक वर्षको साउन महिनामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा धान तथा चामल, एम. एस. तार, छड, बार तथा क्वाइल, रासायनिक मल, विद्युतिय उपकरण लगायतका वस्तुको पैठारी बढेको छ भने कच्चा पाम तेल,एलपी ग्यास, पेट्रोल, डिजेल, लगायतका वस्तुको पैठारी उच्च दरले घटेको छ। यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फको पैठारीको अंश क्रमशः ६२.९ प्रतिशत, १७.० प्रतिशत र २०.१ प्रतिशत रहेको छ।

३३. गत आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः क्रमशः ५९.९ प्रतिशत, १४.३ प्रतिशत र २५.८ प्रतिशत रहेको थियो। यस अवधिमा भारत र चीन तर्फको पैठारीमा क्रमशः ३.३ प्रतिशत र १७.० प्रतिशतले बढेको छ भने अन्य देशतर्फको पैठारीमा २३.१ प्रतिशतले कमी आएको छ।

**तालिका (च) : पछिल्लो दुई आर्थिक वर्षको साउन महिनामा पैठारी भएका प्रमुख १० वस्तुहरुको तुलनात्मक स्थिति (मूल्य रु. करोडमा)**


| वस्तु | २०७९/८० | २०८०/८१ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ८९८.०९ | ७३४.७१ | -१८.१९ |
| पेट्रोल | ६३८.६ | ५४४.७१ | -१४.७० |
| एच.आर.सिट | ८६.४३ | ४०६.१८ | ३६९.९५ |
| एल पि ग्यास | ५२७.८ | ३८२.०८ | -२७.६१ |
| शुद्ध फलाम | ३२४.१४ | ३७४.७३ | १५.६१ |
| मोवाइल टेलिफोन | २७१.६३ | २९३.४८ | ८.०४ |
| धान | १९.५२ | २७७.४८ | १३२१.५२ |
| पोलीथिन दाना | २१८.४२ | २५०.४ | १४.६४ |
| तयारी कपडा | २५०.९६ | २४६.४८ | -१.७९ |
| डीए. पी. मल | ०.०० | २३४.७३ | |
| अन्य | ९८९२.८२ | ९१७८.८९ | -७.२२ |
| **जम्मा** | **१३१२८.४१** | **१२९२३.८७** | **-१.५६** |

स्रोतः भन्सार विभाग, २०८०।

## व्यापार घाटा

३४. आर्थिक वर्ष २०७९/८० को साउन महिनामा वस्तु व्यापार घाटामा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ०.७ प्रतिशतले सुधार भई रु. १ खर्ब १५ अर्ब ७१ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा १०.४ प्रतिशतले कमी भएको थियो।

**तालिका (ज):पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको वस्तु व्यापार घाटाको स्थिति (रु अर्बमा)**




स्रोतः भन्सार विभाग, २०८०।

### सेवा व्यापार


३५. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनाको कुल सेवा आय गत वर्षको सोही अवधिको रु. ११ अर्ब ८४ करोडको तुलनामा ३३.७ प्रतिशतले वृद्धि भई रु. १५ अर्ब ८३ करोड पुगेको छ। यस अवधिमा सेवा खर्च गत आर्थिक वर्षको सोही अबधिको रु. २२ अर्ब ५५ करोडको तुलनामा २०.२ प्रतिशतले वृद्धि भई रू. २७ अर्ब १० करोड पुगेको छ।

३६. आर्थिक वर्ष २०८०/८१ को साउन महिनामा खुद सेवा आय रू. ११ अर्ब २७ करोडले घाटामा रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा खुद सेवा आय रू. १० अर्ब ७१ करोडले घाटामा रहेको थियो।

### विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३७. पछिल्ला महिनाहरुमा विप्रेषण आप्रवाह बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा विप्रेषण आप्रवाह रु.१ खर्ब १६ अर्ब २ करोड (८८ करोड अमेरिकी डलर) पुगेको छ। यस अवधिममा विप्रेषण आप्रवाह नेपाली रुपैंयामा २५.८ प्रतिशत र अमेरिकी डलरमा २१.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा विप्रेषण आप्रवाह नेपाली रुपैंयामा २०.३ प्रतिशत र अमेरिकी डलरमा १२.५ प्रतिशतले बढेको थियो।

चार्ट (झ):पछिल्लो ५ आर्थिक वर्षको साउन महिनाको विप्रषण आप्रवाह स्थिति (रु करोडमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

३८. वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदारको सङ्ख्यामा केही कमी आएको छ। चालु आर्थिक वर्षको साउन महिनामा अन्तीम (नयाँ र पुनःश्रम) स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका नेपाली कामदारको सङ्ख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.४ प्रतिशतले कमी आई ४४ हजार ५ सय ४० पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा उक्त सङ्ख्या ६४ हजार ९ सय ३० रहेको थियो।

### चालु खाता एवम् शोधनान्तर स्थिति

३९. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा चालु खाता बचतमा रहेको छ। चालु खाता अघिल्लो आर्थिक वर्षको पहिलो महिनामा रु.१५ अर्ब १३ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षमा रु. १२ अर्ब ९९ करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा ११ करोड ८८ लाख अमेरिकी डलरले घाटामा रहेको चालु खाता आर्थिक वर्ष २०८०/८१ मा सुधार भई ९ करोड ८५ लाखले बचतमा रहेको छ।


४०. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा शोधनान्तर स्थिति बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० को पहिलो महिनामा शोधनान्तर स्थिति रु. १९ अर्ब ७६ करोडले घाटामा रहेकोमा चालु आर्थिक वर्षको पहिलो महिनामा शोधनान्तर स्थितिमा उल्लेख्य सुधार भई रु. ३३ अर्ब ९० करोडले बचतमा रहेको छ। आर्थिक वर्ष २०७९/८० मा १५ करोड ५२ लाख अमेरिकी डलरले घाटामा रहेको शोधनान्तर स्थिति आर्थिक वर्ष २०८०/८१ मा २४ करोड ९५ लाखले बचतमा रहेको छ।

### विदेशी विनिमय सञ्चिति

४१. २०८० साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति गत आर्थिक वर्षको पहिलो महिनाको तुलनामा ३१.३ प्रतिशतले बढेर रु. १५ खर्ब ७३ अर्ब १२ करोड पुगेको छ। २०८० असारमसान्तको तुलनामा भने रु. ३३ अर्ब ७६ करोड बढी हो।

४२. अमेरिकी डलरमा २०८० साउन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति गत आर्थिक वर्षको पहिलो महिनाको तुलनामा २६.१ प्रतिशतले बढेर ११ अर्ब ८५ करोड कायम भएको छ भने २०८० असारमसान्तको तुलनामा १४ करोडले बढेको छ।

### चार्ट (ञ): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो महिनाको कुल विदेशी विनिमय सञ्चिति (रु. करोडमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०।

४३. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा भएको पैठारीलाई आधार मान्दा बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चितिले १२.५ महिनाको वस्तु पैठारी तथा १०.३ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहेको छ।


## विनिमय दर

४. २०८० असारमसान्तको तुलनामा २०८० साउन मसान्तमा अमेरिकी डलरसँग नेपाली रुपैयाँ १.० प्रतिशतले अवमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १३२.४३ पुगेको छ। २०७९ साउन मसान्तमा उक्त विनिमय दर रु. १२७.१६ रहेको थियो।

## कम्पनी दर्ता

५. आर्थिक वर्ष २०७९/८० को साउन महिनामा दर्ता भएका कम्पनीको संख्या २,८२५ रहेकोमा चालु आर्थिक वर्षको साउन महिनामा यस्तो सङ्ख्या २५.६ प्रतिशतले कमी आई २,१०२ रहेको छ।

### चार्ट (ट): पछिल्लो पाँच आर्थिक वर्षको पहिलो महिनाको कम्पनी दर्ताको प्रवृत्ति (सङ्ख्यामा)




स्रोतः कम्पनी रजिष्ट्रारको कार्यालय,२०८० ।

## पर्यटक आगमन

६. सन् २०२३ को अगस्ट महिनामा नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२२ को अगस्ट महिनाको तुलनामा ६२.६ [illegible] वृद्धि भई ६७ हजार १ सय ५३ पुगेको छ। गत वर्षको सोही महिनामा उक्त सङ्ख्या ४१ हजार ३ सय ४ मा रहेको थियो।यसैगरी, सन् २०२३ को अगस्ट महिनासम्ममा नेपाल आउने पर्यटकको सङ्ख्या ६ लाख १ हजार ३ सय ६० पुगेको छ।

७. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा भ्रमण आयमा ६२.६ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ३९ करोड पुगेको छ।गत आर्थिक वर्षको सोही अवधिमा यस्तो आय रु. २ अर्ब ७० करोड रहेको थियो।

८. आर्थिक वर्ष २०८०/८१ को पहिलो महिनामा भ्रमण खर्चमा ५४.० प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ३६ करोड पुगेको छ।गत आर्थिक वर्षको सोही अवधिमा यस्तो खर्च रु. १४ अर्ब ४५ करोड रहेको थियो।